# मिन्यक (Minyak)

इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार ३१,५०० जना मिन्यक जातिका मानिसहरू शिचुआन प्रान्तको पश्चिमी भागमा विकट क्षेत्रमा बसोबास गर्छन्। यिनीहरू कर्चे तिब्बती स्वायत्त शासन क्षेत्रको खङ्गिदङ्, याआन, चिव्लोङ् र शिमियनको जिल्लाहरूमा बसोबास गर्छन्। मिन्यकहरूको बसाइ ७,५५६ मिटर अग्लो भएको कोङ्ह पर्वतको फेदीमा छ। खाने कुरा बोकेर भिरालो बाटो हुँदै हिम पहाडहरूमा चढेर आँखालाई अन्धो बनाउने हिम आँधीलाई पार गरेर चारपाउ टेक्दै यहाँ जान तयार हुने थोरै मानिसहरूलाई बाहेक अरूको लागि अझै शताब्दीहरूको लागि यो ठाउँ बन्द भएको अवस्थामै रहनेछ।




मिन्यकहरूलाई "ठाउँ नसार्ने, शान्त स्वभाव भएको, अरूलाई खराब नगर्ने भलाइ गर्ने र जे आइपरे तापनि हुन्छ भनी चिन्ताविना जिउने जाति" भनी व्याख्या गरिन्छ। यो जातिको प्रायः मानिसहरू आफैलाई मिन्यक अथवा मुया भनी परिचय दिन्छन्; तर खङ्गिदङ् र चिव्लोङ जिल्लाको तङ्कु भागहरूमा बसोबास गर्ने मिन्यकहरू आफैलाई पोपा भनी परिचय दिन्छन्। सबै मिन्यकहरू तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्, र तिब्बतीय चाडहरू मनाउँछन्।

अहिलेको समयहरूमा मिन्यकहरूको बीचमा इसाईहरू कोही पनि छैनन्। चाइना, इङ्गल्याण्ड मिशनले मिन्यकहरू बसोबास गर्ने भू–भागको, सिमानामा खङ्दीङमा एउटा कार्यस्थल स्थापना गरेको थियो। सन् १९५० मा मिशनरीहरूलाई जबरजस्ती पठाउँदा, यो कार्यस्थल बन्द भयो। जोसेप रक यिनीहरूको बीचमा जाँदा औषधी माग्न मानिसहरू उहाँको वरिपरि भेला भए; यहाँ मिशनरीहरू पुगेका थिए भन्ने कुराको यो एउटा राम्रो चिन्ह हो। मिन्यकहरू ख्रीष्टलाई नचिनीकन बाहिरी संसारको कुनै खबरविना अन्धकारमा जिएर मरिरहेका छन्।




**Population:**
20,900 (2000)
25,750 (2010)
31,700 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:** Muya, Minya, Munya, Miyao, Muyak, Minya Tibetans, Buoba

**जनसंख्या:**
चीन : ३१,५००
(PeopleGroups.org)

**उपभाषाहरू:** २ (Eastern Minyak, Western Minyak)

**तिब्बती बुद्ध धर्म:** १००%

**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारियरेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन

